बिक्री मूल्य : रु. १०००/–

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौँ ।

# कम्प्यूटर तथा प्रिन्टर खरिद सम्बन्धी दरभाउ-पत्र फाराम

आ.व.२०७९/०८०

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,**
**उद्योग विभाग**
**त्रिपुरेश्वर, काठमाडौं ।**

## कम्प्यूटर तथा प्रिन्टर खरिद गर्ने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०७९/०८/०१**

**दरभाउ-पत्र सूचना नं.-२/०७९-८०**

यस विभागको लागि कम्प्यूटर तथा प्रिन्टरहरु सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजतपत्र प्राप्त फर्म, कम्पनीहरूलाई तपसिलका शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू** :

१. सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र अद्यावधिक नवीकरण भएको इजाजतपत्र, आ.व.०७८/०७९ को कर चुक्ता प्रमाण-पत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिएमा यस मन्त्रालयबाट रु. १०००/-(एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म यस मन्त्रालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नु पर्नेछ । यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरू दाखिला गर्ने अन्तिम दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस मन्त्रालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

३. दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४. दरभाउपत्रको मान्य अवधि ४५ (पैंतालिस) दिनको हुनेछ । प्रत्येक दरभाउपत्र साथ दरभाउपत्र जमानत रकम वापत् ***रु.३६,०००।-***
(***अक्षरेपी छत्तिस हजार मात्र***) यस विभागको नाममा जारी भएको विडबण्ड वा **राष्ट्रिय बाणिज्य बैंक लि. त्रिपुरेश्वरमा, कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौं**को नाममा रहेको धरौटी खाता नं. १७००१००१०२०३०००० कार्यालय कोड नं.३०७०१३५०१ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न हुनु पर्नेछ । विडवण्डको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले **७५** दिनसम्मको मान्य अवधि (validity Period) भएको हुनुपर्नेछ ।

५. दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नु पर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

६. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

७. प्राप्त सिलवन्दी दरभाउपत्रहरू पूरा वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ ।

८. दरभाउपत्र फाराममा संलग्न परिमाण भन्दा बढी वा घटी परिमाणको सप्लाई गर्नु परेमा पनि कबुल अनुसारको मूल्यमा सप्लाई गर्नु पर्नेछ ।

९. BOQ मा उल्लेख भएको प्रत्येक आइटमको दररेट भरी नआएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१०. तोकिएको गुणस्तर बमोजिमको मालसामान आपूर्ति नगरेमा त्यस्तो सामानहरु स्वीकार गरिने छैन ।

११. एक पटक पेश भएको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

१२. स्वीकृत दरभाउपत्रदातासँग सम्झौता भएपछि अस्वीकृत दरभाउपत्रदाताहरूको धरौटी फिर्ता गरिनेछ ।

१३. सिलवन्दी दरभाउपत्रसाथ आफ्नो फर्म वा कम्पनीको अध्यावधिक नवीकरण इजाजतपत्र, आ.व. ०७९/०८० को करचुक्ता प्रमाण-पत्र, आयकर दर्ता तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रहरूको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१४. दरभाउपत्र फाराममा दरभाउपत्रदाताको सही छाप हुनु पर्नेछ ।

१५ सिलवन्दी दरभाउपत्र फारामको सिलवन्दी खाममा " कम्प्यूटर तथा प्रिन्टर खरीद सम्बन्धी दरभाउपत्र" भनी उल्लेख गर्नु पर्नेछ । साथै दरभाउपत्रदाताको नाम, ठेगाना, फोन तथा छाप लागेको हुनु पर्नेछ।

१६. यसमा उल्लेख भएका कुराको हकमा यसै बमोजिम र नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१७. यो सूचना विभागको वेभ साइट www.doin.gov.np मा पनि हेर्न सकिनेछ ।